बैठक संख्याः४३

आज मिति २०८१/११/२९ गते विहिबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेत ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितीमा त्रियुगा नगरपालिका नगरकार्यपालिकाको ४३ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

## उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री सुमन्त कोईराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १६ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १७ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १८ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| १९ | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २० | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २१ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २४ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २५ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २६ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |
| २७ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |

**निर्णय नं. ७५९**

त्रियुगा नगरपालिकाका वरिष्ठ सल्लाहकार श्री तुलसी प्रसाद रेग्मीको १०१ वर्षको उमेरमा मिति २०८१/११/२७ गते मंगलबारका दिन असामयिक निधन भएकोमा त्रियुगा नगरपालिका नगरकार्यपालिकाले स्वर्गीय तुलसी प्रसाद रेग्मीप्रति भावपूर्ण श्रद्धाञ्जली गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ७६०**

त्रियुगा विकास बोर्ड ऐन, २०८१को दफा १५ बमोजिम त्रियुगा विकास बोर्ड कार्यान्वयन कार्यविधि बनाउन बोर्डलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७६१**

त्रियुगा नगरपालिकाको सरकारी सम्पत्तिको रुपमा रहेको मेशिनरी औजार सञ्चालनलाई व्यवस्थित गर्न, यसको दुरुपयोग रोक्न तथा यसबाट प्राप्त हुने आय र व्ययको हिसाब किताव पारदर्शी रुपमा राख्न एवं मर्मत सम्भारलाई नियमित गराउन यसमा कार्यरत चालक र सहयोगीलाई मेशिनरी औजार सञ्चालन गर्दा हिफाजत र सदुपयोग गराई त्रियुगा नगरपालिकाको विकास निर्माण कार्यमा नियमितता, मितव्ययिता, प्रभावकारीता पारदर्शिता एवं व्यवस्थित बनाउन आवश्यक भएकोले "त्रियुगा नगरपालिकाको मेशिनरी औजार सञ्चालन कार्यविधि,२०८१" पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ७६२**

नेपाल सरकारबाट जारी भएको "विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड,२०८१" बमोजिम एकद्वार प्रणालीबाट राहत वितरण वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ७६३**

त्रियुगा नगरपालिकाको क्षेत्रभित्र रहेको होली, कुलो, राजकुलो लगायतका सार्वजनिक एवं पुरातात्विक संरचनाको अभिलेख राखि नगरपालिकाले संरक्षण गर्ने र त्रियुगा नगरपालिका क्षेत्रभित्र जग्गा प्लटिङ गर्नुपूर्व नगरपालिकासँग अनुमति लिनुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७६४**

नेपाल सरकार समानिकरण अनुदान तर्फ आ.व २०८१/०८२मा नगर अस्पतालको लागि औषधी खरिद शीर्षकमा विनियोजित भएको रु १०,००,००० (अक्षेरुपी दश लाख मात्र) लाई तपसिल बमोजिम बाँडफाड गरी सामाग्री खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १. | मानसिक स्वास्थ्य उपचारको लागि निःशुल्क औषधी खरिद तथा वितरण | ३००००० (तिन लाख मात्र) | |
| २. | सामुदायिक सर्पदंश उपचार केन्द्र भुल्केको लागि औषधी खरिद | २००००० (दुई लाख मात्र) | |
| ३. | नगर अस्पताल देउरीको स-शुल्क फार्मेसी सञ्चालनकालागि औषधी खरिद | ५००००० ( पाँच लाख मात्र) | |

निर्णय नं. ७६५

त्रियुगा नगरपालिकाद्वारा सञ्चालित त्रियुगा नगर अस्पतालको लागि छात्रवृति करारतर्फ कार्यरत चिकित्सक करार सेवा सम्पन्न गरी विदाइ भएको र सो शीर्षकमा संघीय सरकारबाट तलव भत्तातर्फ बजेट प्राप्त भएको हुँदा कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयसंग चिकित्सक माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७६६

त्रियुगा नगर अस्पतालबाट रेबिज विरूद्धको खोप सेवा सञ्चालन गरी नगरवासीको सहज पहुँच सुनिश्चित गर्नको लागि उक्त सेवा सञ्चालन गर्न स्वास्थ्य सेवा विभाग (EDCD) र स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश अन्तर्गत रहेको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगरसँग औजार उपकरण सहित सेवा सञ्चालन अनुमति माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७६७

यस नगरपालिकाको आ.व. २०८२/०८३ को लागि साना सिंचाई कार्यक्रम (SIP) अन्तर्गत योजना सञ्चालन गर्न तपसिल बमोजिम योजनाहरु सिफारिस गर्ने निर्णय गरियो ।

१. कुन्ते लाम्चे वोडारे बीचटोल रानीवास सिँचाई मर्मत योजना, त्रियुगा नगरपालिका-१५

२. गोकुले खोला तल्लो हुवास सिँचाई मर्मत योजना, त्रियुगा नगरपालिका-१५

३. वेताल मुक्सार सिँचाई कुलो निर्माण योजना, त्रियुगा नगरपालिका-१४

४. आप्सोता सिँचाई योजना, त्रियुगा नगरपालिका- ०९

५. गुन्टे वरगाउँ सिँचाई मर्मत योजना, त्रियुगा नगरपालिका- ७

६. होक्से बीच मूल कुलो मुहान, त्रियुगा नगरपालिका- ७

७. साईखोला मूलकुलो सिँचाई योजना, त्रियुगा नगरपालिका- १६

निर्णय नं. ७६८

त्रियुगा नगरपालिकालाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत वडा नं. ४, ५, ९ र १२ आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण भुक्तानी शीर्षकमा प्राप्त रू. ४०,००,००० (अक्षेरुपी चालिस लाख रूपैयाँ मात्र) देहाय बमोजिम बाँडफाँड गरी कार्यान्वयन गराउने निर्णय गरियो।

देहाय

| क्र.स. | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ४, आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | १०,००,००० | |
| २ | वडा नं. ५, आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | १०,००,००० | |
| ३ | वडा नं. ९, आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | १०,००,००० | |
| ४ | वडा नं. १२, आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | १०,००,००० | |

विविध-१

त्रियुगा नगरपालिकामा सञ्चालन हुन गईरहेको नगरस्तरीय आधारभूत तह (कक्षा-८) परीक्षा र कक्षा ५ को परीक्षा सञ्चालन खर्चका आधार तथा मापदण्डहरु तपसिल बमोजिम हुने निर्णय गरियो।

तपसिलः

| क्रस | क्रियाकलाप विवरण | दर | परिणाम | इकाइ | कैफियत |
|---|---|---|---|---|---|
| १ | A4 साइजका फारमहरु | २०५ | १ | प्याड | |
| २ | A5 साइजका फारमहरु | १२० | १ | प्याड | |
| ३ | रजिष्ट्रेशन फारम रुजु | २.५ | १ | जना | प्रति विद्यार्थी |
| ४ | सिम्बल नं. कायम | २ | १ | जना | प्रति विद्यार्थी |
| ६ | प्रश्नपत्र मोडरेशन | १००० | १ | १ | १ विषय |
| ७ | प्रश्नपत्र छपाई | २३ | १ | सेट | ७ विषयको एक सेट |
| ८ | मुल उत्तर पुस्तिका छपाई | ५.५ | १ | वटा | प्रिन्टेट सहित |
| ९ | थप उत्तरपुस्तिका | २.५ | १ | वटा | |
| १० | ग्राफ पेपर विविध सामग्री | २ | १ | जना | प्रति विद्यार्थी |
| ११ | परीक्षा सञ्चालन केन्द्र खर्च | | | | |
| १२ | केन्द्राध्यक्ष पारश्रमिक | ७०० | १ | जना | प्रति दिनका लागि ८ दिन सम्म |
| १३ | सहायक केन्द्राध्यक्ष पारश्रमिक | ५०० | १ | जना | प्रति दिनका लागि ८ दिन सम्म |
| १४ | निरीक्षक पारिश्रमिक | ३०० | १ | जना | प्रति दिनका लागि ७ दिन सम्म |
| १५ | सहयोगी पारश्रमिक | २५० | १ | केन्द्र | प्रति दिनका लागि ८ दिन सम्म |
| १६ | यातायात खर्च ढुवानी | १००० | १ | केन्द्र | सामाग्री र उ.पु.समेत |
| १७ | मसलन्द | १५०० | १ | केन्द्र | सामाग्री र चिया समेत |
| १८ | उत्तर पुस्तिका परीक्षण केन्द्र व्यवस्थापन, खाजा, खाना, मसलन्द, अतिरिक्त समय खटिए बापत समेत | ७५००० | १ | केन्द्र | थैला, डटपेन, खाजा, खाना संयोजन र सहयोगी समेत एकमुष्ट |
| १९ | उत्तर पुस्तिका परीक्षण | १५ | १ | प्रति उ.पु. | सबै विषयका लागि |
| २० | उत्तर पुस्तिका समपरीक्षण | ५ | १ | प्रति उ.पु. | सबै विषयका लागि |
| २१ | मार्क इन्ट्री प्रयोगात्मक | ३ | १ | विषय | सबै विषयका लागि |
| २२ | मार्क इन्ट्री सैद्धान्तिक | ३ | १ | विषय | सबै विषयका लागि |
| २३ | Cartridge refill, Color ink | २०००० | १ | | एकमुष्ट |
| २४ | परीक्षा अनुगमन भ्रमण र इन्धन खर्च | १००० | १ | दिन | प्रतिजना प्रति दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | समिति बैठक भत्ता | १००० | १ | दिन | प्रतिजना प्रति दिन |
| २६ | ग्रेड सिट कागज | १३ | १ | वटा | प्रिन्टेट सहित |
| २७ | परीक्षा समिति बैठक खाजा खाना खर्च | ४५००० | १ | | एकमुष्ट |
| २८ | विविध | ४०००० | १ | | एकमुष्ट |

विविध-२

आ.व. २०८१/०८२मा भारतीय राजदुतावासबाट प्राप्त सहयोग रकम रु.३०,००,००० (अक्षेरुपी तिस लाख मात्र)लाई तपसिल बमोजिमको शीर्षकमा विभाजन गरी सामग्री खरिद गर्ने निर्णय गरियो।

तपसिल:

| क.सं. | कार्यक्रम | विनियोजित वजेट |
|---|---|---|
| १. | कक्षाकोठा व्यवस्थापन तथा फर्निचर खरिद | १४,८२,००० |
| २. | ल्यापटप, प्रिन्टर, कम्प्युटर टेवल र कुर्सी खरिद | १५,१८,००० |
| | जम्मा | रु.३०,००,००० |

विविध-३

यस त्रियुगा नगरपालिकाको वडा नं. १५ को कुभिण्डे ट्रान्समिटर हुँदै खोरसनि गहते सडक र खाँबु सुन्तले माध्यमिक विद्यालय हुँदै कुन्ते सडक मर्मत कार्य प्राविधिक लागत अनुमान गराई काम सम्पन्न भएको र वडाबाट वजेट विनियोजन नभएकोले अवरमा नगर शीर्षकबाट प्राविधिक मुल्याङ्कन बमोजिमको रु.८५००० (पचासी हजार मात्र) रकम भुक्तानी दिने निर्णय गरियो।

विविध-४

यस त्रियुगा नगरपालिकाका पूर्व उपप्रमुख तनुकलाल चौधरीलाई स्वास्थ्य उपचारको लागि रु. ४०,००० (अक्षेरुपी चालिस हजार मात्र) आर्थिक सहायता दिने निर्णय गरियो।

विविध-५

यस नगरपालिकामा कार्यरत सि.वि.आर सहजकर्ता पवित्रा थापा सवारी दुर्घटनामा परी घाईते भएकोले स्वास्थ्य उपचारका लागि रु. १५००० (अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहायता दिने निर्णय गरियो।

विविध-६

त्रियुगा नगरपालिका वडा नं. १२ का पूर्व वडाध्यक्ष श्री जगदीश साहलाई स्वास्थ्य उपचारको लागि रु. १५,००० (अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहायता दिने निर्णय गरियो।

विविध-७

यस त्रियुगा नगरपालिकाको वडा कार्यालय, वडा नं. ४ ले आ.व. २०८१/०८२ मा सम्पन्न गरेको तपसिल बमोजिमका कार्यक्रम र योजनाको रकम भुक्तानीको लागि यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क.स. | कार्यक्रम/योजना | खर्च शीर्षक | रकम |
|---|---|---|---|
| १. | सि.सि. क्यामेरा जडान | सानातिना योजना तथा विविध कार्यक्रम (३११७१) नेपाल सरकार समानीकरण अनुदान | रू. १,४२,४९३/- (अक्षेरूपी एक लाख बयालिस हजार चार सय त्रियानब्बे रूपैयाँ मात्र) |
| २ | साउण्ड बक्स खरिद | ऐ.ऐ. | रू. १५,०००/- (पन्ध्र हजार रूपैयाँ मात्र) |
| ३. | नाला निर्माण तथा मर्मत | ऐ.ऐ. | रू. १५,८०५ (पन्ध्र हजार आठ सय पाँच रूपैयाँ मात्र) |
| ४. | हात्तीले अन्नबाली नष्ट गरेकोले क्षतिपूर्ति बापत नारद अधिकारीलाई | विपद्जन्य आर्थिक सहयोग तथा सामाग्री खरिद (शीर्षक नं.३११७१) | रू. २०,०००/- (बिस हजार रूपैयाँ मात्र) |